# आकस्मिक कोष ऐन, २०१६

**आकस्मिक कोषको व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावनाः आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासनकालका पाँचौ वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम आकस्मिक कोष ऐन, २०१६ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आकस्मिक कोषको स्थापनाः आकस्मिक कोषको नामले एउटा कोषको स्थापना गरिएको छ ।

३. आकस्मिक कोषमा जम्मा गरिएको रकमः आकस्मिक कोषमा ने. रु. २५००,००० पच्चीस लाख संचित कोषबाट झिकी जम्मा गरिएको छ ।

४. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्यपूर्ति गर्नको लागि श्री ५ को सरकारले नियम बनाउन सक्दछ ।

लालमोहर सदर मिति २०१६।८।२५।५